आज मिति २०७६/१२/२२ गते बुद्धभूमी नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमी नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्यज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहाय बमोजिम रहेयो ।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | प्रमुख | बुद्धभूमी न.पा. १ | [signature] |
| २ | श्री मिरा थारु | उपप्रमुख | बुद्धभूमी न.पा. २ | [signature] |
| ३ | श्री तेजबहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १ | [signature] |
| ४ | श्री भेषराज शर्मा | वडा अध्यक्ष | बुद्धभूमी न.पा. २ | [signature] |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ३ | [signature] |
| ६ | श्री पवन कुमार थारु | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ४ | [signature] |
| ७ | श्री वेचन प्रसाद यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ५ | [signature] |
| ८ | श्री नन्दलाल यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ६ | [signature] |
| ९ | श्री राजेश्वर सिंह | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ७ | |
| १० | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ८ | [signature] |
| ११ | श्री खुमानन्द न्यौपाने | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ९ | [signature] |
| १२ | श्री त्रिलोकी खरविन्द | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १० | [signature] |
| १३ | श्री कमला चौधरी | महिला सदस्य | बुद्धभूमी न.पा. १ | [signature] |
| १४ | श्री खिमकला पाण्डे | महिला सदस्य | बुद्धभूमी न.पा. ४ | [signature] |
| १५ | श्री प्रभावती लोहार | महिला सदस्य | बुद्धभूमी न.पा. ७ | प्रभावती |
| १६ | श्री विमला देवी कुर्मी | महिला सदस्य | बुद्धभूमी न.पा. ८ | बिमला |
| १७ | श्री सरस्वती कुवंर | महिला सदस्य | बुद्धभूमी न.पा. ५ | [signature] |
| १८ | श्री फागु प्रसाद धोवी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ५ | [signature] |
| १९ | श्री राम मनोरथ लोहार | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ६ | [signature] |
| २० | श्री रामदेव पासी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. २ | [signature] |
| २१ | श्री राजन कुमार पोखरेल | नि. प्रमुख प्र. अधिकृत | बुद्धभूमि न.पा. | [signature] |

## मिति: २०७६।१२।२२ गतेको बुद्धभूमी नगरकार्यपालिका बैठकको निर्णयहरु :

**प्रस्ताव नं. १ : विपद् व्यवस्थापन कोष खडा गर्ने सम्बन्धमा ।**

निर्णयः विश्व महामारीको रुपमा फैलिएकको **COVID-19** (कोरोना भाइरस) को प्रभावको कारण २०७६ चैत्र ११ देखि लकडाउनको अवस्थामा रहेको परिस्थितमा दैनिक ज्यालादारी गरी जीवन निर्वाह गरिरहेका श्रमिक वर्ग तथा असहाय व्यक्ति एवं परिवारहरुका लागि राहत वितरण गर्न तथा सोको लागि व्यवस्थापकिय कार्य गर्न अत्यावश्यक भएकोले उक्त कार्यको लागि सहयोग गर्न चाहने संघ, संस्था तथा व्यक्तिहरूलाई यस नगरपालिकाको प्रकोप (विपद्) व्यवस्थापन कोष खाता एन.एम. बी. बैंक गोरूसिगें शाखाको खाता नं. **0440055997600084** मा रकम जम्मा गरी सहयोग गरिदिनुहुनको लागि अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २ : राहत सामाग्री वितरण कार्यविधि, २०७६ सम्बन्धमा ।**

निर्णयः कोरोना भाइरसको प्रभावका कारण मिति २०७६ चैत्र ११ गतेदेखि भएको लकडाउनले गर्दा दैनिक ज्यालादारी गरी जीवन निर्वाह गरिरहेका श्रमिक वर्ग तथा असहाय व्यक्ति एवं परिवारहरूको तत्काल समस्या समाधान गर्न राहत वितरण गर्न उपयुक्त भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) एवं प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी बुद्धभूमि नगरपालिका नगरकार्यपालिकाले राहत सामग्री वितरण सम्बन्धी कार्यविधि, २०७६ तयार गरी प्रस्तुत गरिएको कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : प्रकोप व्यवस्थापन कोष सम्बन्धमा ।**

निर्णयः विश्वभरी महामारीको रूपमा फैलिएको कोराना भाइरसको प्रकोपबाट आकस्मिक रूपमा उत्पन्न समस्या समाधानको लागि प्रकोप व्यवस्थापन कोष स्थापना गर्ने र उक्त कोषमा आ.ब. २०७६।०७७ को पाँचौ र छैठौ नगर सभाबाट विभिन्न कार्यक्रमहरूमा विनियोजंन भएको बजेटलाई कार्यक्रम संशोधन गरी हाल रू. ७५,००,०००।- (पचहत्तर लाख) जम्मा गर्ने र कार्यक्रम संशोधनका लागि कार्यालयलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : राहत सामाग्री वितरणका लागि एकद्वार प्रणाली अपनाउने सम्बन्धमा ।**

निर्णयः कोरोनाको सम्भावित संक्रमणका कारण प्रतिकुल अवस्थामा नेपाल सरकारले लकडाउन घोषणा गरेको अवस्थामा दैनिक ज्यालादारी गरेर खाने असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायकाहरू लागि दैनिक जीवनयापन गर्न राहत उपलब्ध गराउन चाहने व्यक्ति, संघ, संस्था, सरकारी तथा गैर सरकारी निकायले नगरपालिकाको राहत कोषमा जम्मा गर्न र सोको विवरण एकद्वार प्रणालीबाट मात्र व्यवस्था मिलाइएको हुँदा सबैमा जानकारी गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : हार्दिक समवेदना प्रकट सम्बन्धमा ।**

निर्णयः बुद्धभूमि नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री लिल बहादुर राउत क्षेत्रीको पुजनीय पिता श्री कामनसिंह राउत क्षेत्री को मिति २०७६।१२।११ गते ९४ बर्षको उमेरमा सन्धिखर्च आफ्नै निवासी स्थानमा भएको असमायिक निधनले हामीलाई स्तब्ध तुल्याएको छ । यस दुःखद घडीमा मृत आत्मको चिरशान्तिको कामना तथा बैकुण्ठ बास होस भन्दै यस बुद्धभूमि नगरपालिका परिवार भावपूर्ण हार्दिक श्रद्धाञ्जली अपर्ण गर्दछ । साथै शोकसन्तप्त परिवार तथा आफान्तजन प्रति भगवानले धैर्य धारण गर्ने शक्ति प्रदान गरून् भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

**प्रस्ताव नं. ६ : सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा ।**

निर्णयः बुद्धभूमि नगरपालिकाका सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रममा प्रभावकारिता ल्याउन, नियमन गर्नको लागि सुशासन नियमावली-२०६५ को नियम ९ अनुसार सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधी, २०७५ नेपाल सरकार (मा.मन्त्री परिषद्को) मिति:२०७५।०४।२२ गते बैठकबाट स्वीकृत गरिसकेको र यस बुद्धभूमी नगरपालिकाले आर्थिक बर्ष २०७५।७६ सालदेखि अनिवार्य रुपमा बैंकिङ प्रणालीबाट सामाजिक सुरक्षा भत्ता बितरण गर्दै आएकोमा एउटै बैंकबाट धेरै वडाको लागि सामाजिक सुरक्षा वितरण गर्दा बैंकलाई धेरै समय लाग्ने र सेवाग्राहीले समयमै सेवा पाउन कठिन भएकोले सामाजिक सुरक्षा भत्ता वितरण व्यस्थापन सहज र सरल बनाउनको लागि निम्न बैंकमा सामाजिक सुरक्षा खाता खोल्नको लागि बैंक परिवर्तन भएका वडाहरूले व्यवस्था मिलाउने निर्णय गरियो ।

**तपसिलः**

| **क्र.स.** | **वडा नं.** | **जिम्मेवारी पाउने बैंकको नाम** |
|---|---|---|
| १ | १, २ र ६ | एन.एम.बी. बैंक, गोरूसिगें (साविक बमोजिम) |
| २ | ३ | तिनाउ विकास बैंक, इमिलिया |
| ३ | ४ | राष्ट्रिय वाणिज्य बैंक, बुडढी |
| ४ | ५ | संग्रिला डेभलप्मेन्ट बैंक, गोरूसिगें |
| ५ | ७, ८ र ९ | एन.आई.सी. एसिया, बैंक, इमिलिया (साविक बमोजिम) |
| ६ | १० | लक्ष्मी बैंक, गोरूसिगें |